नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक २३१ २०८३ साल बैशाख ५ गते शनिबार (18 Apr 2026 Saturday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

*यस अंक भित्र :* २ पृष्ठमा : सेवा प्रवाहमा नयाँ अभ्यास ... ३ पृष्ठमा : मुख्यमन्त्रीहरूको गुनासो ... ३ पृष्ठमा : होर्मुज सुरक्षामा ...

## लोकतन्त्र र संघीयता रहे मात्र सबैको अधिकार संरक्षण हुन्छ : सभामुख यादव

**दैनिक समाचारदाता**
**राजविराज, ४ बैशाख ।**

मधेश प्रदेशका सभामुख रामअशिष यादवले लोकतन्त्र र संघीयता रहे मात्र सबैको अधिकार संरक्षण हुने बताएका छन्।

सप्तरीको सप्तकोशी नगरपालिका वडा नं. ५ स्थित गंगाजलीमा शुक्रबार महँगु लेखी वृद्धा आश्रमद्वारा आयोजित सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि यादवले लोकतन्त्र र संघीयता रहे मात्रै सबै जनाले अधिकार पाउने उल्लेख गरे।



लोकतन्त्रमा नेता राजा नभई जनताको सेबक भएकाले आफ्नो अधिकारका लागि जनता डराउनु नपर्ने उनले बताए।

नयाँ गठन भएको संघीय सरकारको काम काज बारे अहिले नै समिक्षा गर्ने समय नभएको भन्दै उनले तीन हप्ताकै समयमा सरकार जनादेश र जनताको भावना विपरित काम गरिरहेको आरोप समेत लगाए।

निजी सञ्चार माध्यमले पाउँदै आएका विज्ञापन माथि संघीय सरकारले रोक लगाएको प्रति लक्षित गर्दै उनले पत्रकारिता र पत्रकार माथि सरकारले अंकुश लगाउने कोशिश गरेको बताए।

कार्यक्रममा विभिन्न आन्दोलनमा संघर्ष गर्नु भएका प्रजातान्त्रिक योद्धा तथा जेष्ठ नागरिक र सञ्चारकर्मीलाई सम्मान गरिएको थियो भने मधेश प्रदेशका पूर्व कानुन, गृह तथा सञ्चार मन्त्री राजकुमार लेखी, नेपाल पत्रकार महासंघ सप्तरकि अध्यक्ष श्रवण कुमार देव लगायतकाले मन्तव्य राखेका थिए।

## जनकपुर रिफाइनरीमा आगलागी, पन्ध्र करोड बराबरको क्षति

**दैनिक समाचारदाता**
**धनुषा, ४ बैशाख ।**

धनुषाको मिथिला नगरपालिका ७ ढल्केबरस्थित जनकपुर रिफाइनरीमा आगलागी भएको छ।

बिहीबारराति भएको आगलागीबाट १५ करोड बराबरको क्षति भएको रिफाइनरीका प्रबन्धक सञ्जय गुप्ताले जानकारी दिएका छन्। रिफाइनरीमा जडान गरिएका स्टिम र थर्मोफुल मेसिन जलेका छन्।

आगो जनकपुर, महेन्द्रनगर र ढल्केबरबाट परिचालन भएका पाँचवटा वारुणयन्त्र तथा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाको संयुक्त प्रयासमा दुई घण्टापछि निभाइएको थियो। आगलागीको कारण भने खुलेको छैन।

## बाबा वनखण्डी महादेवको महत्व उजागर गर्न महायज्ञ



**दैनिक समाचारदाता**
**राजविराज, ४ बैशाख ।**

सप्तरीको तिरहुत गाउँपालिका ५ स्थित बाबा वनखण्डी महादेवको धार्मिक र ऐतिहासिक महत्व उजागर तथा मानव कल्याणको उद्देश्यका साथ श्री रुद्र महायज्ञ एवं शिव महापुरान दिव्य कथाको आयोजना हुने भएको छ।

बैशाख २४ गतेदेखि नौ दिन सम्म चल्ने उक्त महायज्ञमा नेपाल तथा भारतका विद्वान, यज्ञाचार्य र साधुसन्तहरुको व्यापक सहभागिता हुने आयोजक समितिले पत्रकार सम्मेलनको आयोजना गरि जानकारी दिएको छ।

बाबा वनखण्डीको धार्मिक र ऐतिहासिक महत्व उजागर गर्नुका साथै मानव कल्याणका लागि आयोजना हुन लागेको नौ दिवसिय धार्मिक समारोहमा लाखौं भक्तजन आउने विश्वास गरिएको मुल आयोजक समितिका अध्यक्ष दुर्गानन्द मिश्रले बताए।

यस अवधिमा पचाङ्ग पुजन, मण्डप प्रवेश, अडणी मंथन, भवनादी कर्म, पुर्ण आहुती, प्रंज्वलनशील पदार्थको प्रयोग विनै हवणकुण्डमा अग्नि प्रज्वलन लगायतका धार्मिक गतिविधि पनि हुने उनको भनाई छ।

उक्त अवसरमा कलश यात्रा, रामलिला, राशलिला, लगायतका कार्यक्रम पनि गरिने उलने बताए। महायज्ञ अवधिभर मेलाको सञ्चालन पनि हुने उनले जानकारी दिए। गाउँपालिका अध्यक्ष विजय यादवले महायज्ञ र मेला सञ्चालन तथा व्यस्थापन पालिका र स्थानिय दाताको दान र सहयोगबाट संकलित रकमबाट गरिने भएको बताए।

उनले दिव्य शक्तिका कारण माटोको शिवलिङ्ग निर्माण भएको यस एतिहासिक स्थललाई धार्मिक पर्यटक स्थलको रुपमा विकास गर्न पनि महायज्ञ सञ्चालन हुन लागेको बताए।

उक्त स्थल बाबा वनखण्डीको तपोभूमी र समाधी स्थलको रुपमा चिनिन्छ। महायज्ञ र मेलामा आउने भक्तजनका लागि स्वच्छ खानेपानी, बासस्थल, भण्डारा, शौचालय लगायता आवश्यक सबै व्यवस्थाको तयारी भईरहेको आयोजकले जनाएको छ।

## तरबार प्रदर्शन गर्दै केक काटेर जन्मदिन मनाएका चार यूवक प्रहरी नियन्त्रणमा



**दैनिक समाचारदाता**
**राजविराज, ४ बैशाख ।**

धार्मिक स्थलमा तरबार प्रदर्शन गर्दै केक काटेर जन्मदिन मनाएका चार जना यूवालाई प्रहरीले नियन्त्रणमा लिएको छ। सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ भारदहस्थित कंकालिनी मन्दिर परिसरमा शान्ति सुरक्षामा असर पर्ने गतिविधि गरेको भन्दै बिहीबार साँझ ती चार युवाहरुलाई प्रहरीले नियन्त्रणमा लिएको हो।

जिल्लाको तिरहुत गाउँपालिका ५ का २३ वर्षिय मो. इमरान, हनुमाननगर कंकालिनी नगरपालिका १ का २० वर्षिय धर्मबिर मालाकार, १८ वर्षिय करण कुमार दास र १९ वर्षिय गोबिन्द खड्गालाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ।

पक्राउ परेका मध्ये मो. इमरानको जन्मदिनको अवसर पारेर भेला भएका समूहले मन्दिर परिसर भित्र तरबार प्रदर्शन तथा तरबारले केक काटेर उच्छश्रृंखल गतिविधि गरेको भनी स्थानीयले खबर गरेपछी पुगेको प्रहरी टोलीले उनीहरुलाई नियन्त्रणमा लिएको थियो।

पक्राउ परेका सबैलाई अहिले इलाका प्रहरी कार्यालय कंचनपुरमा राखी आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी निरिक्षक अनिल कुमार साहले जनाएका छन्।

यस्ता गतिविधिले समाजमा नकारात्मक सन्देश जाने र कानून विपरीत हुने भएकाले यसप्रति सचेत रहन युवाहरूलाई प्रहरीले आग्रह गरेको छ।

## सिरहामा सार्वजनिक सवारीसाधनमा सिसीटिभी अनिवार्य गर्न निर्देशन

**दैनिक समाचारदाता**
**सिरहा, ४ बैशाख ।**

सिरहा जिल्लामा सञ्चालन हुने सार्वजनिक सवारीसाधनमा यात्रुहरूको सुरक्षालाई मध्यनजर गर्दै अनिवार्य रूपमा सिसीटिभी क्यामेरा जडान गर्नुपर्ने भएको छ।

जिल्ला प्रशासन कार्यालयले बिहीबार एक सूचना जारी गर्दै २० दिनभित्र सबै यात्रीवाहक सवारीसाधनमा सिसीटिभी जडान गरिसक्न निर्देशन दिएको हो।

जिल्ला यातायात व्यवस्थापन समितिको निर्णयअनुसार सिरहा सदरमुकाम, लहान र मिर्चैयालगायत क्षेत्रबाट छुट्ने लामो तथा छोटो दूरीका सवारीसाधनमा यो नियम लागू हुनेछ। सार्वजनिक यातायातमा हुनसक्ने चोरी, दुर्व्यवहार र अन्य आपराधिक क्रियाकलाप नियन्त्रण गरी यात्रुलाई सुरक्षित महसुस गराउन यो कदम चालिएको प्रशासनले जनाएको छ।

जिल्ला प्रशासन

*बाँकी अन्तिम पृष्ठमा*

**कला जोगाऔं, संस्कृति बचाऔं।**

- कलालाई सिर्जनशील, राष्ट्रको परिचय र सभ्यताको प्रतिकको रुपमा बुझौं,
- चित्रकला, गीत-संगीत, नृत्य, नाटकलगायत सबै कलाको सम्मान गरौं,
- स्थानीय कलाकार तथा स्रष्टाहरुलाई प्रोत्साहन र सहयोग गरौं,
- हाम्रो मौलिक संस्कृति र परम्परालाई कलामार्फत जोगाऔं,
- विद्यालय तथा समुदायमा कला शिक्षाको प्रवर्द्धन गरौं,
- सार्वजनिक स्थानहरुमा कलाको संरक्षण र प्रवर्द्धनमा ध्यान दिऔं,
- युवा पुस्तालाई सिर्जनात्मक गतिविधिमा सहभागी गराऔं,
- कलामार्फत सकारात्मक सन्देश र सामाजिक सचेतना फैलाऔं,
- सांस्कृतिक विविधताको सम्मान गर्दै एकता बलियो बनाऔं,
- कला विकासमार्फत पर्यटन र आर्थिक समृद्धिमा टेवा पुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### बसपार्क संचालन गर्न गम्भिरता देखाऊ

राजविराजस्थित राजदेवी बसपार्कको उद्घाटन भएको झण्डै १० महिना भइसक्दा समेत अझै संचालनमा आउन सकेको छैन्। तामझामका साथ गरिएको उद्घाटनका दिन केही यातायातका साधन देखाउन पनि बसपार्कमा राखिएको थियो। उद्घाटन पश्चात् पटक पटक बसपार्क नियमित संचालनका लागि पहल हुँदा समेत कहिले यातायात व्यवसायी, त कहिले बसपार्क संचालन ऐनमा त्रृटी त कहिले बाटोघाटोको समस्या देखाउँदै टारिदै आइरहेको छ।

पाँच/पाँच पटक शिलान्यास भइसकेको उक्त बसपार्क विगत दुई दशकदेखी निर्माणको पखाईमा थियो। पछिल्लो पटक संचालनमा आएपछी नगरवासी खुशी भएका थिए। तर, निर्माण कार्य सम्पन्न भएर उद्घाटन समेत भइसकेको बसपार्क संचालन हुन नसक्नु विडम्बना हो। यता वर्षौदेखी नगरको मुख्य सडकमै सवारीसाधनहरु पार्किङ गरिरहेका छन्। जसले गर्दा स्थानीयहरु दुर्घटनाको जोखिममा परेका छन्।

लामो समयदेखी बसपार्क निर्माण हुन नसक्दा स्थानीयले भोगिरहेको कष्ठ र अहिले निर्माण भइसक्दा पनि संचालन हुन सकेको अवस्थामा पनि स्थानियले कष्ठ पाइरहनु कतिको जायज हो ? बसपार्क संचालन हुन नसक्नुमा सम्बन्धी निकायको गैरजिम्मेवारीपन हो। तसर्थ बस पार्क संचालनका लागि सम्बन्धीत निकायले गम्भिरता देखाउनुका साथै स्थानीयले खबरदारी गर्नु पनि उत्तिकै जरुरी छ।

# सेवा प्रवाहमा नयाँ अभ्यास : राहदानी र सवारी चालक अनुमतिपत्र अब नागरिकका घरदैलोमा

**हेमन्त जोशी**

काठमाडौँ, ४ वैशाख (रासस)।

सेवा प्रवाहलाई नागरिकको घरदैलोमा पुऱ्याउने लक्ष्यसहित सरकारले अघि सारेको योजनाअनुरुप राहदानी र सवारीचालक अनुमतिपत्र (लाइसेन्स) अब घरमा पुर्‍याउन थालिएको छ।

यस्ता सेवा लिनका लागि सदरमुकाम वा सम्बन्धित कार्यालयसम्मको लामो यात्रा गर्नुपर्ने, घण्टौँ लाइन बस्नुपर्ने, बिचौलियाको भर पर्नुपर्ने र पटक-पटक धाउनुपर्ने अवस्थाको अन्त्य गर्न अब राज्य आफैँ नागरिकको ढोकासम्म पुग्न थालेको हो।

हुलाक सेवा विभागका महानिर्देशक मनमाया भट्टराईका अनुसार मकवानपुर, म्याग्दी, डडेलधुरालगायत जिल्लामा परीक्षणस्वरूप यो सेवा प्रारम्भ भइसकेको छ। सङ्खुवासभा, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)लगायत जिल्लामा अन्तिम तयारी भइरहेको छ भने सबैजसो जिल्ला हुलाकले कसरी सेवा दिने भनेर आ-आफ्नो योजना बनाइरहेका छन्।

यो कार्यक्रमलाई कार्यान्वयन गर्न सञ्चार तथा सूचना प्रविधिमन्त्री डा विक्रम तिमिल्सिना सक्रियतापूर्वक लागिरहनुभएको छ। सबै निकायबीचको समन्वय तथा सहकार्यमा कार्ययोजना बनाइ लागु गर्न र कार्यान्वयनका क्रममा देखिनसक्ने सम्भावित जटिलताबारे तत्काल मन्त्रालयलाई जानकारी गराउन विभागलाई निर्देशन दिनुभएको छ।

सरकारले गत चैत १३ गते सार्वजनिक गरेको शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमा पासपोर्ट, नागरिकता प्रतिलिपि, लाइसेन्सलगायत सरकारी कागजातहरू घरमै पुऱ्याउने व्यवस्था १०० दिनभित्र लागू गर्ने घोषणा गरेको थियो।

म्याग्दीका प्रमुख जिल्ला अधिकारी रवीन्द्र आचार्यले बुधबार बेनी नगरपालिका वडा नम्बर २ र ६ मा आफैँ पुगेर सम्बन्धित व्यक्तिलाई राहदानी हस्तान्तरण गर्नुभयो। बिहीबार पनि जिल्लाका केही स्थानमा राहदानी पठाइएको उहाँले राससलाई जानकारी दिनुभयो।

"प्रारम्भिक चरणमा सेवा पाएका नागरिकहरूबाट सकारात्मक प्रतिक्रिया प्राप्त भएको छ। समय, खर्च र झन्झट घटेको उहाँहरूको अनुभव छ", उहाँले भन्नुभयो।

विगत केही वर्षदेखि निष्क्रिय प्रायः हुलाक सेवा विभागलाई सरकारले पुनः सशक्त बनाउने रणनीति लिएको छ। घरघरमा चिठीपत्र पुर्‍याउँदै आएको हुलाकलाई सरकारी 'कुरियर सेवा' मा रूपान्तरण गर्ने योजना कार्यान्वयनमा ल्याइएको छ। यसका लागि राहदानी विभाग, यातायात व्यवस्था विभाग, जिल्ला प्रशासन कार्यालय र हुलाक कार्यालयबीच समन्वयलाई प्राथमिकता दिइएको छ।

ठेगाना प्रणाली अभावका कारण यो सेवा विस्तार त्यति सहज नभएको सङ्खुवासभाका प्रमुख जिल्ला अधिकारी सिर्जना थपलिया बताउनुहुन्छ। "हामीसँग व्यवस्थित घर नम्बर र पोस्टल कोड प्रणाली छैन। घरमै पुऱ्याउने भनिए पनि कतिपय ठाउँमा पालिकास्तरसम्म पुऱ्याउन कठिन छ। भौगोलिक विकटताका साथै जनशक्ति व्यवस्थापनलाई पनि ध्यान दिनुपर्नेछ," उहाँले भन्नुभयो।

त्यसैगरी, यो प्रणाली कार्यान्वयन गर्न 'पोस्टल ट्र्याकिङ' प्रणालीको विकास, 'एसएमएस'बाट सूचना प्रवाह, जनशक्ति अभाव, दुर्गम क्षेत्रमा सवारी साधनको कमीलगायत समस्या समाधान गर्न जरुरी छ। बृहत् क्षेत्र भएका जिल्लामा हुलाक सेवा विस्तार गर्न थप स्रोत र पूर्वाधार आवश्यक भएको उहाँको कथन छ।

हुलाक सेवा विभागले कर्मचारीलाई तालिम दिने र आवश्यक परे नयाँ जनशक्ति परिचालन गर्ने योजना बनाएको जनाएको छ। देशव्यापी रूपमा यो कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न अझै समय लाग्ने देखिन्छ।

अहिलेको राहदानीसम्बन्धी विवरण सङ्कलन गर्ने र वितरणको जिम्मा पनि जिल्ला प्रशासन कार्यालयले पाएको छ। राहदानी विभागले छपाई गरेको राहदानी हुलाक हुँदै जिल्ला प्रशासनमा जान्छ भने वितरणका लागि पुनः जिल्ला प्रशासनले हुलाकलाई नै भन्नुपर्ने अवस्था छ। यसो हुँदा दोहोरो खर्च र समय खपत हटाउन सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र गृह मन्त्रालयले समन्वयात्मक रूपमा काम गरिरहेका छन्। यदि राहदानी विभागले सिधै हुलाकमार्फत वितरण गर्न सकेमा यो समस्या समाधान हुन सक्ने देखिन्छ।

हुलाक सेवाबाट कागजात नागरिकका घरमै पुर्‍याउँदा लाग्ने शुल्क निर्धारण भने भएको छैन। हुलाक सेवा विभागका महानिर्देशक भट्टराईका अनुसार सेवाग्राहीबाट रु ५५ सम्म शुल्क लिएर कागजात हुलाकमार्फत पठाउन भनिएको छ। यो शुल्क निर्धारण र मापदण्ड देशव्यापी रूपमा एकरूप हुन अझै बाँकी छ।

यसैगरी, जुनसुकै जिल्ला प्रशासन कार्यालयबाट सेवा लिन सकिने व्यवस्था मिलाउने तथा सम्पूर्ण सेवा प्रक्रिया ट्र्याकिङयोग्य र समयसीमाबद्ध बनाउनेलगायत काम कसरी गर्न सकिन्छ भनेर हुलाकले गृहकार्य गरिरहेको छ। यो प्रणाली पूर्ण रूपमा लागू भएपछि सेवाग्राहीले राहदानी, लाइसेन्सजस्ता कागजात तयार भए वा भएनन् वा कुन अवस्थामा छन् र घरसम्म कहिले आइपुग्छन् भन्ने जानकारीसमेत मोबाइलमै पाउनेछन्।

देशव्यापी रूपमा सेवा विस्तार नभएसम्म सबै नागरिकले समान लाभ पाउने अवस्था छैन। विशेषगरी दुर्गम जिल्लाका नागरिक अझै पनि पुरानै प्रणालीमा निर्भर छन्। त्यहाँ पूर्वाधार र जनशक्ति अभावले नयाँ व्यवस्था लागू गर्न कठिनाइ हुनसक्छ। कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि दीर्घकालीन योजना, पर्याप्त लगानी र निरन्तर अनुगमन आवश्यक भएको सार्वजनिक सेवा प्रवाहका जानकारहरूले बताएका छन्।

# शुल्क फिर्ता निर्देशनपछि निजी विद्यालयमाथि अभिभावकको दबाब

**प्रकाश सिलवाल**

काठमाडौँ, ४ वैशाख (रासस)।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले निजी लगानीका विद्यालयहरूले कानुन विपरीत उठाउँदै आएको भर्ना र अन्य शुल्क फिर्ता गराउन निर्देशन दिएपछि अभिभावकहरूले नियमित रूपमा गुनासो टिपाउन थालेका छन्।

मन्त्रालयको निर्देशन कार्यान्वयनका लागि लिखित रूपमा सबै स्थानीय तहलाई अनुरोध गर्नाका साथै भक्तपुरस्थित शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा सहायता कक्ष स्थापना गरिएको छ।

केन्द्रका निर्देशक निर्मलप्रसादसिंह राठौरले विद्यार्थी भर्ना शुल्कलगायत विषयमा विभिन्न माध्यमबाट सरकारी निकायलाई प्राप्त गुनासा समयमा सम्बोधन गरी सेवा प्रवाहको प्रभावकारिता वृद्धिमा सहायता कक्ष क्रियाशील रहेको राससलाई बताउनुभयो।

"मेरो मोबाइल नम्बर र इमेल पनि सार्वजनिक गरिएकाले मलाई हरेक क्षण अभिभावकको फोन आइरहन्छ। उठाएरै भ्याइन्न," निर्देशक राठौरले भन्नुभयो, "फोनबाट समाधान हुने विषय फोनबाटै नै सम्बोधन गर्दै आएको छु। इमेबाट प्राप्त गुनासा एकीकृत गरेर महानिर्देशकसमक्ष पेस गरेको छु। कतिपय अभिभावकमा भर्ना र वार्षिक शुल्कका विषयमा अस्पष्टता भएकाले पनि गुनासो बढेको पाइएको छ।"

शिक्षा नियमामवली, २०५९ (संशोधनसहित) को नियम १४६ मा विद्यालयले लिन पाउने शुल्क तथा धरौटीको व्यवस्था छ। उक्त दफामा विद्यालयले मासिक पढाइ शुल्क, कुल दुई महिनाको पढाइ शुल्क बराबरको रकममा नबढ्ने गरी खेलकुद, अतिरिक्त क्रियाकलाप, प्रयोगशाला, मर्मतसम्भार, पुस्तकालय र प्राथमिक उपचार, वार्षिक शुल्क, विद्यालयमा पहिलो पटक भर्ना हुँदा एक पटकका लागि भर्ना हुने कक्षाको मासिक पढाइ शुल्कमा नबढ्ने गरी भर्ना शुल्क लिन पाउने प्रबन्ध गरिएको छ।

यसैगरी, विविध शीर्षकमा परीक्षा शुल्क, कम्प्युटर शुल्क, स्थानान्तरण प्रमाणपत्र शुल्क, विशेष प्रशिक्षण (जुडो, मार्शल आर्टस्, पौडी, गायन, नृत्य) शुल्क, आवास शुल्क, परिवहन शुल्क, भोजन शुल्क लिन सकिने नियमावलीले व्यवस्था गरेको छ।

नियमावलीको नियम १४७ मा विद्यालयले विद्यार्थीसँग लिने अधिकतम् शुल्क विद्यालयको वर्गीकरणका आधारमा तोकी सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाले शैक्षिकसत्र सुरु हुनुभन्दा तीन महिना अगावै सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था छ।

विद्यालय व्यवस्थापन समितिले शिक्षक-अभिभावक सङ्घको कार्यकारी समितिसँग परामर्श गरी तोकिएको अधिकतम शुल्क सीमाभित्र रही शैक्षिकसत्र सुरु हुनु दुई महिनाअघि समन्वय इकाइमा पेस गर्नुपर्ने भनिएको छ। इकाइले प्रस्तावको जाँचबुझ गरी शुल्कको दर तोकी सूचना प्रकाशन गर्नेछ। शुल्क व्यवस्थापन तथा अनुगमनका लागि केन्द्रका महानिर्देशकको संयोजकत्वमा केन्द्रीय समिति गठनको व्यवस्था गरिएको छ।

मन्त्रालयले कानुन विपरीत लिइएको भर्ना शुल्क र संस्थागत विद्यालय शुल्क निर्धारण माापदण्ड निर्देशिका, २०७२ द्वारा निर्धारितबाहेक अन्य शुल्कलाई फिर्ता गराउन कानुनी प्रक्रिया अघि बढाउन गत चैत २२ गते सम्बन्धित सबै स्थानीय तहलाई अनुरोध गरेको थियो।

आफूखुसी शुल्क लिएर फिर्ता नगर्ने विद्यालयलाई शिक्षा ऐन, २०२८ बमोजिम कारबाही हुन सक्नेतर्फ मन्त्रालयले सचेत गराएको थियो। शुल्क फिर्ता निर्देशनपछि निजी विद्यालयमाथि अभिभावकको दबाब बढेको छ।

सरकारले यही वैशाख १५ गतेदेखि नयाँ शैक्षिकसत्र प्रारम्भ गर्न निर्देशन दिएको छ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# मुख्यमन्त्रीहरूको गुनासो : कर्मचारी अभावदेखि असहयोगसम्म

काठमाडौँ, ४ वैशाख (रासस)।

प्रदेश सरकारका मुख्यमन्त्रीहरूले प्रधानमन्त्री वालेन्द्र शाहसमक्ष प्रदेश सरकारका प्रशासनिक, व्यावहारिक तथा नीतिगत जटिलताबारे गुनासो प्रस्तुत गर्नुभएको छ।

प्रधानमन्त्री शाहसँग बिहीबार भएको छलफलमा उहाँहरूले समान किसिमका समस्या प्रस्तुत गर्नुभएको थियो। त्यस्ता समस्याहरूमा प्रदेशमा कर्मचारी अभाव, समन्वयको कमी र सङ्घीय कर्मचारीको असहयोगजस्ता गुनासा थिए। उहाँहरूले आवश्यक प्रशासनिक समूहका कर्मचारी नपाएको र पठाइएका कर्मचारीबाट अपेक्षित काम हुन नसकेको गुनासो प्रधानमन्त्रीसमक्ष गर्नुभयो।

मुख्यमन्त्रीहरूले प्रदेशमा जग्गाको स्वामित्वमा जटिलता, स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतलाई प्रदेशमार्फत व्यवस्थापन गर्न सुझाव दिनुभएको थियो।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले स्थानीय कच्चा पदार्थमा आधारित मदिरा उत्पादन तथा 'ब्रान्डिङ'का लागि सङ्घसँग समन्वय गरेर कानुन निर्माण गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले मनाङ, मुस्ताङ र गोरखाका जमिन नापी तथा स्वामित्वको समस्या, मुस्ताङलाई 'स्याउ जोन' घोषणा गरे पनि स्वामित्व समस्याका कारण उत्पादनमा बाधा, नवलपुरको दुम्कीबास-त्रिवेणी खण्डमा निकुञ्जका कारण सडक नखुल्दा स्थानीयले ४५ किलोमिटर घुम्नुपर्ने बाध्यताबारे प्रधानमन्त्री शाहलाई जानकारी गराउनुभयो।

फेवाताल संरक्षण, अलपत्र बूढीगण्डकी जलविद्युत् आयोजना, घरेलु मदिरा तथा गाँजा खेतीसम्बन्धी कानुन निर्माणको तयारीबारे पनि विषय उठान गर्नुभएको थियो। कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले सङ्घीय मन्त्रालयका परिपत्रहरूले प्रदेशको संवैधानिक अधिकार कार्यान्वयनमा असर परेको गुनासो राख्नुभयो। उहाँले कर्मचारी अभाव र असहयोगका कारण बजेट कार्यान्वयनमा भएका ढिलाइ, अनुभवी प्रमुख सचिव आवश्यकता, जग्गा प्राप्ति, सार्वजनिक खरिद नियमावली संशोधन, वन ऐनका जटिलता तथा अनुदान र राजस्व बाँडफाँटमा पुनर्विचार गर्नुपर्ने विषयमा ध्यानाकर्षण गराउनुभयो।

त्यसैगरी, २०८० सालको भूकम्प प्रभावित क्षेत्रमा निजी आवास निर्माण, सडक पूर्वाधार विस्तार, सुर्खेत विमानस्थल सञ्चालन तथा उत्तरी सीमामा क्वारेन्टाइन र सुरक्षा व्यवस्था गर्न उहाँले माग गर्नुभयो।

मधेस प्रदेशका मुख्यमन्त्री कृष्णकुमार यादवले कानुन, प्रशासन र अनुदानसम्बन्धी समस्या साझा रहेको बताउँदै अनुदान कटौती पुनःस्थापनाको माग राख्नुभयो। राजस्व बाँडफाँटमा भूगोल र जनसङ्ख्याको आधार न्यायोचित नभएकाले मधेसमा प्राकृतिक स्रोत अभावबारेको समस्या उठान गर्नुभयो। उहाँले मधेसलाई कृषि निर्भरता, सिँचाइ, मल र बीउको समस्या, 'फिड द नेसन' अवधारणा विकास गरी आर्थिक रूपमा सम्पन्न बनाउन सङ्घीय सरकारलाई सहयोगका लागि आग्रह गर्नुभयो। मुख्यमन्त्री यादवले जनकपुर-अयोध्या जोड्ने 'सीता सर्किट' तथा विमानस्थल विस्तारको प्रस्ताव पनि राख्नुभएको थियो।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले निजामती सेवा ऐन, प्रहरी समायोजन ऐन, वन तथा निकुञ्ज ऐन संशोधन आवश्यक रहेको बताउनुभयो। जङ्गली जनावर र मानव द्वन्द्व, कर्मचारी अभाव, प्रशासनिक जटिलता, सचिव पद रिक्तता, अर्थ मन्त्रालयको परिपत्रका कारण प्रदेश सांसद सहयोगीको तलब भुक्तानीमा ढिलाइजस्ता विषयमा ध्यानाकर्षण गराउनुभयो।

सो छलफलमा बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले संविधान संशोधन, प्रत्यक्ष निर्वाचित कार्यकारी मुख्यमन्त्री, मन्त्रिपरिषद्को आकार घटाउने तथा शासन प्रणाली सुधारको प्रस्ताव राख्नुभयो। उहाँले मन्त्रालयमा सचिव अभाव, प्रदेश मुख्य सचिवको व्यवस्था, फर्पिङ-हेटौँडा सडक विस्तारमा समन्वय, योजनामा दोहोरोपन रोक्न 'डेस्क' स्थापना, उद्योगमैत्री नीति, हेटौँडा सिमेन्ट र कपडा उद्योग सञ्चालनमा सहजीकरण तथा उत्पादनमा आधारित अनुदानको व्यवस्था गर्न माग गर्नुभयो।

मुख्यमन्त्रीहरूको गुनासो र सुझाव सुनेपछि प्रधानमन्त्री शाहले सङ्घीय सरकारको उद्देश्य सातै प्रदेशमा सहजीकरण गर्ने रहेको स्पष्ट पार्नुभयो। उहाँले सहजीकरणमा पूर्ण सहयोग रहने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो। "पूर्वाधारको बजेट एक प्रदेशलाई मात्र प्राथमिकता दिएर अर्कोलाई पछाडि पार्ने गरी होइन, आवश्यकताअनुसार समान रूपमा वितरण गरिनेछ", प्रधानमन्त्री शाहले भन्नुभयो।

छलफलमा मुख्यमन्त्रीहरू बागमती प्रदेशका इन्द्रबहादुर बानियाँ, लुम्बिनीका चेतनारायण आचार्य, गण्डकीका सुरेन्द्रराज पाण्डे, कर्णालीका यामलाल कँडेल र मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवको उपस्थिति थियो। कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्की भने पारिवारिक कारण र सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाह भने स्वास्थ्य समस्याका कारण सहभागी हुनुभएको थिएन।

# शिक्षाको सुधारका लागि मन्त्रीसमक्ष सुझाव पेस

काठमाडौँ, ४ वैशाख (रासस)।

प्राज्ञिक विद्यार्थी परिषद् नेपालले नेपालको शिक्षा प्रणालीमा देखिएका संरचनात्मक, नीतिगत तथा गुणस्तरीय समस्या समाधान गर्न 'शिक्षाको समग्र सुधारका लागि सुझाव पत्र २०८३' सरकारसमक्ष सुझावस्वरूप बुझाएको छ।

परिषद्का राष्ट्रिय अध्यक्ष प्रा डा दयाराम भुसाल नेतृत्वको टोलीले शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेललाई भेटगरी उक्त सुझावपत्र बुझाएको हो। परिषद्ले शिक्षा क्षेत्रलाई राष्ट्र निर्माणको मुख्य आधार मान्दै अल्पकालीन, मध्यकालीन र दीर्घकालीन स्पष्ट दृष्टिकोणसहित सुधारका योजना ल्याउन आग्रह गरेको छ। सुझावपत्रमा विद्यालय शिक्षा विधेयक, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, राष्ट्रिय योग्यता प्रारूपलगायत महत्वपूर्ण विधेयक शीघ्र जारी गर्नसमेत सरकारसमक्ष आग्रह गरिएको छ।

परिषद्ले सुझावमा विशेष गरेर प्रवेश, परीक्षा, परिणाम, पात्रो र परिसरसँग जोडिएका विषयलाई समावेश गरी सुझावपत्र तयार गरेर पेस गरेको छ। सुझावपत्रमा नेपाली भाषालाई शिक्षाको आधिकारिक माध्यम भाषा बनाउने, मातृभाषा तथा नेपाली भाषामा पठनपाठन र परीक्षा सञ्चालन सुनिश्चित गर्ने विषयलाई विशेष प्राथमिकता दिइएको छ।

साथै, शिक्षा क्षेत्रमा विदेशी प्रभाव कम गर्दै कुल राष्ट्रिय बजेटको न्यूनतम २० प्रतिशत शिक्षा क्षेत्रमा विनियोजन गर्न शिक्षामन्त्रालयसमक्ष सुझाव प्रस्तुत गरिएको छ। परिषद्ले शिक्षक व्यवस्थापनमा देखिएको अव्यवस्था, विषयगत शिक्षक अभाव, राजनीतिक हस्तक्षेप, सरुवा-बढुवा प्रक्रियाको अस्पष्टता तथा सेवासुविधाको समस्या समाधान गरी योग्यता र क्षमताका आधारमा शिक्षक नियुक्ति प्रणाली विकास गर्नुपर्ने उल्लेख गरेको छ।

त्यस्तै, सुझावपत्रमा विद्यालय तहदेखि नै नैतिक शिक्षा, नागरिक शिक्षा, संस्कृत शिक्षा, योग, विज्ञान तथा सूचना प्रविधि प्रयोगशालाजस्ता विषयलाई अनिवार्य बनाउँदै व्यावहारिक, प्रयोगात्मक र जीवनोपयोगी शिक्षामा जोड दिनुपर्ने भनिएको छ। पाठ्यक्रमलाई नेपालको भूगोल, इतिहास, संस्कृति, कृषि, पर्यटन, ऊर्जा र उत्पादनमुखी आवश्यकतासँग जोडेर पुनःसंरचना गर्नुपर्ने विषयमा सरकारको ध्यानाकर्षण गराएको छ।

आधारभूत र माध्यमिक शिक्षालाई निःशुल्क गर्ने, विद्यालयमा घट्दो सङ्ख्याका कारण विद्यालयको पुनःनक्साङ्कन गर्नुपर्ने, बालमनोविज्ञानका आधारमा अध्यापन गरिनुपर्ने, विद्यार्थीको शारीरिक, मानसिक, बौद्धिक र आध्यात्मिक विकासका लागि शिक्षामा सोहीअनुसारको वातावरण निर्माण गरिनुपर्ने विषयलाई केन्द्रमा राख्दै सुझावपत्र प्रस्तुत गरेको छ।

विद्यालय तहमा बढ्दो 'ड्रपआउट', इन्टरनेट र पुस्तकालय अभाव, ग्रामीण तथा हिमाली क्षेत्रका विद्यालयमा न्यून विद्यार्थी अनुपात र शिक्षक दरबन्दी असन्तुलनजस्ता समस्या समाधान गर्न विशेष योजना ल्याउनका लागि सुझावपत्रमार्फत नेपाल सरकारको ध्यानाकर्षण गराएको छ।

त्यस्तै उच्च शिक्षातर्फ विश्वविद्यालयमा बढ्दो राजनीतिक हस्तक्षेप, अनुसन्धानको कमजोर अवस्था, विदेशी विश्वविद्यालयका अनियमित कार्यक्रम, दक्ष जनशक्ति पलायन तथा रोजगारसँग असम्बद्ध पाठ्यक्रमप्रति गम्भीर बन्दै यथाशीघ्र समस्याको समाधानका लागि आग्रह गरिएको छ। सुझावपत्रमा विश्वविद्यालयलाई अनुसन्धान, नवप्रवर्तन, रोजगार र राष्ट्रिय आवश्यकतासँग प्रत्यक्ष जोड्ने नीति अवलम्बन गर्न आग्रह गरिएको छ।

यसैगरी, प्राविधिक तथा व्यावसायिक शिक्षालाई श्रम बजारसँग जोडेर 'सिक्दै कमाउँदै' मोडेल लागू गर्नुपर्ने, कृषि, स्वास्थ्य, विज्ञान तथा सूचना प्रविधिमा विशेष अनुसन्धान केन्द्र स्थापना गर्नुपर्ने, तथा प्रत्येक प्रदेशमा विशिष्ट अनुसन्धान केन्द्र सञ्चालन गर्नुपर्ने माग गरिएको छ।

शिक्षा सुधार केवल पाठ्यक्रम परिवर्तनमा सीमित नभई नीति, भाषा, शिक्षक, पूर्वाधार, बजेट, अनुसन्धान, रोजगारी र राष्ट्रिय चरित्र निर्माणसँग जोडिएको समग्र विषय भएकाले सरकार, विश्वविद्यालय, शिक्षक, अभिभावक र विद्यार्थी सबैको साझा प्रयास आवश्यक रहेकोसमेत जानकारी गराउँदै त्यसमा रचनात्मक भूमिका निर्वाह गर्नमा परिषद्ले सहयोग गर्ने जानकारी गराएको छ।

## विश्व समाचार

# होर्मुज सुरक्षामा अन्तर्राष्ट्रिय चासो

वासिङ्टन, ४ वैशाख (रासस/एएनआई)।

इरानसँगको युद्धविरामको समयसीमा नजिकिँदै जाँदा स्ट्रेट अफ होर्मुजको सुरक्षा र समुद्री आवागमन पुनः सञ्चालन गर्ने विषयमा अन्तर्राष्ट्रिय चासो तीव्र बनेको छ। यही सन्दर्भमा अमेरिकी विदेशमन्त्री मार्को रुबियो र बेलायतका विदेशमन्त्री यभेट कुपरबीच भएको छलफलले आगामी कूटनीतिक कदमहरूलाई थप स्पष्ट बनाएको छ।

अमेरिकी विदेश मन्त्रालयका प्रमुख उपप्रवक्ता टोमी पिगटका अनुसार रुबियोले कुपरसँग टेलिफोन संवाद गर्दै इरानसँग भएको युद्धविरामसँग सम्बन्धित पछिल्ला अवस्थाहरूको समीक्षा गर्नुभएको हो। छलफलमा विशेषगरी स्ट्रेट अफ होर्मुजमा समुद्री सुरक्षाको अवस्था र त्यहाँ अवरुद्ध भएको अन्तर्राष्ट्रिय जलमार्गलाई कसरी सुरक्षित र खुला बनाउने भन्ने विषयमा जोड दिइएको थियो।

दुवै पक्षले जल डमरूमध्यमा नौवहन स्वतन्त्रता तत्काल पुनःस्थापना गर्नुपर्ने आवश्यकता औँल्याउँदै व्यावसायिक जहाजहरू सुरक्षित रूपमा आवतजावत गर्न सक्ने वातावरण सुनिश्चित गर्नुपर्नेमा सहमति जनाएका छन्। यसले विश्वव्यापी ऊर्जा आपूर्ति शृङ्खला अवरोध बिना सञ्चालन हुन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

वासिङ्टन र तेहरानबीच भएको युद्धविराम अप्रिल २२ मा समाप्त हुने तय गरिएको छ। यस्तो अवस्थामा यसको भविष्य र विस्तारबारे अझै अनिश्चितता कायमै रहेको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युद्धविराम विस्तार आवश्यक पर्छ कि पर्दैन भन्नेबारे स्पष्ट धारणा नरहेको बताउँदै हालसम्मका वार्ताप्रति आशावादी रहेको सङ्केत गर्नुभएको छ।

पत्रकारहरूसँग कुरा गर्दै उहाँले अमेरिका र इरानबीचको संवाद सकारात्मक दिशामा अघि बढिरहेको उल्लेख गर्नुभयो। उहाँका अनुसार इरान अहिले दुई महिनाअघि तयार नभएका विषयहरूमा विशेषगरी आणविक हतियारसम्बन्धी विषयमा पनि सहमत हुन इच्छुक देखिएको छ। अमेरिका भने इरानसँग अन्तिम सम्झौतामा पुग्न केन्द्रित रहेको उहाँको भनाइ छ।

यसैबीच, युरोपेली नेतृत्वले पनि होर्मुजको जल डमरूमध्य पुनः सञ्चालनमा ल्याउने पहललाई गति दिन थालेको छ। बेलायती प्रधानमन्त्री किर स्टार्मर र फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनले विश्व नेताहरूको भर्चुअल बैठक आयोजना गर्ने तयारी गर्नुभएको छ, जसमा करिब ४० देशका सहभागी हुने अपेक्षा गरिएको छ।

बैठकमा इरानसँग भएको नाजुक युद्धविरामलाई समर्थन गर्दै प्रमुख समुद्री मार्गहरू सुरक्षित राख्ने उपायहरूमा छलफल गरिनेछ। बेलायती प्रधानमन्त्री कार्यालयका अनुसार जल डमरूमध्य पुनः खोल्न अन्तर्राष्ट्रिय स्तरमा समन्वय गरी एक प्रकारको सुरक्षा मिसन गठन गर्ने प्रस्ताव पनि छलफलमा रहनेछ।

उक्त प्रस्तावित मिसन रक्षात्मक स्वरूपको हुने र आवश्यक परे संयुक्त सैन्य प्रयासमार्फत कार्यान्वयन गरिने सम्भावना रहेको बताइएको छ। साथै जहाज र चालक दलको सुरक्षाका लागि अन्तर्राष्ट्रिय समुद्री सङ्गठनसँग सहकार्य गर्ने विषय पनि प्राथमिकतामा राखिएको छ।

स्टार्मर पेरिस पुगेर म्याक्रोनसँग सह-आयोजनामा बैठकमा सहभागी हुने कार्यक्रम रहेको छ भने जर्मन चान्सलर फ्रेडरिक मर्जको पनि उपस्थिति रहने अपेक्षा गरिएको छ। बैठकमा जल डमरूमध्य तत्काल र बिना सर्त पुनः खोल्नु विश्वव्यापी जिम्मेवारी भएको धारणा प्रस्तुत गरिने तयारी गरिएको छ।

विश्लेषकहरूका अनुसार होर्मुजको अवरोधले ऊर्जा आपूर्ति र अन्तर्राष्ट्रिय व्यापारमा प्रत्यक्ष असर पारेकाले यसको समाधानका लागि बहुपक्षीय पहल अपरिहार्य बनेको छ। यस्तो अवस्थामा अमेरिका, युरोप र क्षेत्रीय शक्तिहरूबीचको समन्वयले आगामी दिनमा युद्धविरामको स्थायित्व र समुद्री सुरक्षाको अवस्थालाई निर्णायक रूपमा प्रभावित गर्न सक्ने देखिएको छ।

# लेबनानमा युद्ध-विराम लागु

बेरुत, ४वैशाख (रासस/क्युएनए)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प द्वारा घोषणा गरिएको लेबनान र इजरायल बीचको युद्धविराम सम्झौता लागु भएको जनाइएको छ।

राष्ट्रपति ट्रम्पले बिहीबार दुई देशकोबीचमा १० दिनको युद्ध-विराम सुरु हुने बताएको जनाइएको छ भने दीर्घकालीन सम्झौतामा पुग्ने उद्देश्यले वार्ताका अस्थाइ युद्धविराम गरेको जनाइएको छ।

स्थायी सुरक्षा व्यवस्था र शान्तिका लागि वार्ताको वातावरण सिर्जना गर्ने प्रयासमा लेबनान र इजरायल दुवैले युद्धविराम लागु गर्ने अमेरिकी विदेश विभागले पुष्टि गरेको छ।

लेबनानका प्रधानमन्त्री नवाफ सलामले युद्धविरामको घोषणालाई स्वागत गर्दै यसलाई वाशिङ्टनमा हालैको वार्तामा समेत द्वन्द्वको सुरुवात देखि बेरुतले चाहेको प्रमुख विषयको रुपमा वर्णन गर्नु भएको छ।

यसैबीच, लेबनानी सेनाले नागरिकहरूलाई युद्धविराम पूर्ण रूपमा लागु नभएसम्म दक्षिणी क्षेत्रका गाउँ र सहरहरूमा नफर्कन आग्रह गरेको छ, भने इजरायली सेनाले कब्जा गरेको क्षेत्रहरू नजिक नआउने चेतावनी पनि दिएको छ।

लेबनानको जनस्वास्थ्य आपतकालीन सञ्चालन केन्द्रका अनुसार द्वन्द्व सुरु भए देखि लेबनानमा दुई हजार १९६ जना भन्दा बढी मानिसहरुले मृत्यु वरण गर्नु का साथै सात हजार १८५ भन्दा बढी घाइते भएका छन्।

# स्थानीय तहलाई उन्नत बीउ उत्पादनमा अनुदान लिन आह्वान

काठमाडौं, ४ वैशाख (रासस)।

कृषि विभागले उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रममा सहभागी हुन स्थानीय तहलाई आह्वान गरेको छ। विभागले स्थानीय तहले उन्नत बीउ माग तथा बीउ उत्पादकले आपूर्तिको अवस्था तथा विवरण पठाउन यही वैशाख १० गतेसम्म समयसिमा तोकेको हो।

विभागका महानिर्देशक प्रकाशकुमार सञ्जेलले स्थानीय तहमार्फत उत्पादन हुने उन्नत बीउबिजनको प्रयोगमा मूल्य अनुदानमा सहभागी हुन बीउ उत्पादक तथा सम्बन्धित स्थानीय तहलाई आग्रह गर्नुभयो।

कृषि उत्पादन वृद्धि गर्ने उद्देश्यले विभागद्वारा उन्नत बीउबिजन उत्पादनमा प्रोत्साहनस्वरूप अनुदान उपलब्ध गराइँदै आएको छ। अनुमति प्राप्त स्रोत बीउ उत्पादकका हकमा मोटो/मध्यम प्रकृतिका जातका लागि प्रतिकेजी रु २०, मसिनो प्रकृतिका जातका लागि प्रतिकेजी रु २३ र खुमल शृङ्खलाका जातका हकमा प्रतिकेजी रु ३४ अनुदान रकम उपलब्ध गराउने विभागले जनाएको छ।

महानिर्देशक सञ्जेलका अनुसार उन्नत बीउ उत्पादकका हकमा मोटो/मध्यम प्रकृतिका जातहरूका लागि प्रतिकेजी रु १७, मसिनो प्रकृतिका जातहरूका लागि प्रतिकेजी रु २२ र खुमल शृङ्खलाका जातहरूका हकमा प्रतिकेजी रु ३० अनुदान रकम उपलब्ध गराइने छ।

उन्नत बीउ प्रयोगमा किसानलाई अनुदानका हकमा सबै जातका धानमा कार्यविधिबमोजिम तोकिएको मूल्यको ५० प्रतिशत अनुदान उपलब्ध गराउने विभागले जनाएको छ।

# लागुऔषधसहित विभिन्न स्थानबाट २४ जना पक्राउ

काठमाडौं, ४ वैशाख (रासस)।

नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न भागबाट लागुऔषधसहित २४ जनालाई पक्राउ गरेको छ।

स्थानीय टोखा नगरपालिका-८ बानियाटारबाट ब्राउनसुगरसहित दुई, भक्तपुर नगरपालिका-१० भत्केकोपाटीबाट एक, कञ्चनपुरको बेलौरी नगरपालिका-८ पचुईबाट दुई, कैलालीको धनगढी उपमहानगरपालिका-२ त्रिनगर ब्यारेलबाट एक र सोही उपमहानगरपालिकाको त्रिनगर ब्यारेलबाट एक जनालाई पक्राउ गरिएको छ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार कैलालीको गोदावरी नगरपालिका-१ बाट खैरो हेरोइनसहित एक, चितवनको रत्ननगर नगरपालिका-११ बटर टोलबाट एक, रूपन्देहीको बुटवल उपमहानगरपालिका-११ हात्तीसुडबाट दुई, झापाको कनकाई नगरपालिका-३ सुरुङगाबाट पाँच र सोही नगरपालिकाको टप्पु चोकबाट दुई जनालाई पक्राउ गरिएको छ।

यसैगरी, मोरङको विराटनगर महानगरपालिका-११ बाट दुई, तनहुँको आँबुखैरेनी गाउँपालिका-४ बेनिटारबाट दुई र दाङको राप्ती गाउँपालिका-१ बाट दुई जनालाई पक्राउ गरिएको छ। उनीहरूलाई बिहीबार पक्राउ गरिएको हो।

# सतर्कता केन्द्रद्वारा छ सय बत्तीस कर्मचारीलाई कारबाही गर्न सिफारिस

काठमाडौं, ४ वैशाख (रासस)।

राष्ट्रिय सतर्कता केन्द्रले ६३२ जना कर्मचारीलाई कारबाही गर्न सम्बन्धित कार्यालय प्रमुखलाई सिफारिस गरेको छ।

केन्द्रले विभिन्न कार्यालयमा छड्के अनुगमन गरी ती कर्मचारीलाई कारबाही गर्न सिफारिस गरेको केन्द्रका प्रवक्ता नारायणप्रसाद भट्टले जानकारी दिनुभयो। ती कर्मचारीलाई निजामती सेवा ऐन, २०४९ को दफा ५५ अनुसार सम्बन्धित कार्यालयले चेतावनी पत्र दिने र सोको अभिलेख कार्यालमा राखिने जनाइएको छ।

यसैगरी, ऐनमा दुई पटकसम्म चेतावनीमा परिसकेका कर्मचारीलाई विभागीय कारबाही गर्ने व्यवस्था छ। उहाँले कार्यालय समयमा नआउने कर्मचारीलाई कारबाहीका लागि सिफारिस गरिएको बताउनुभयो। केही कर्मचारीलाई कारबाही गरेको जानकारी केन्द्रमा प्राप्त भइसकेको उहाँले बताउनुभयो। केन्द्रले सेवा प्रवाह धेरै हुने त्यस्ता कार्यालयमा छड्के अनुगमन गरेको थियो।

त्यसैगरी केन्द्रले सातै प्रदेशका एक/एक जिल्लामा अनुगमन गरिरहेको छ। जनसम्पर्क धेरै हुने जिल्लाका कार्यालयमा केन्द्रले अनुगमन गरिरहेको हो। केन्द्रका प्रवक्ता भट्टले दैनिक सरकारी कार्यालयमा अनुगमन गरिरहेको जानकारी दिनुभयो।

# गैंडाको खागसहित चार जना पक्राउ

**दैनिक समाचारदाता सुनसरी, ४ वैशाख।**

सुनसरी बर्जु गाउँपालिका ६ बाट बिहीबार राति गैंडाको खागसहित चार जनालाई नियन्त्रणमा लिएको छ।

गोप्य सूचनाका आधारमा सशस्त्र प्रहरी बल नेपाल नम्बर १ बराह बाहिनी पकलीको टोलीले गैंडाको खागसहित नियन्त्रणमा लिएको सशस्त्र प्रहरी बल ४ नम्बर गण सुनसरीका सशस्त्र प्रहरी उपरीक्षक श्याम कार्कीले जानकारी दिए।

झापाबाट गैंडाको खाग लिएर आइरहेको भनी आएको गोप्य सूचनाका अधारमा खागसहित बर्जु-६ ताल नजिकबाट चार जनालाई नियन्त्रणमा लिएको उनले बताए।

पक्राउ परेकाको साथबाट एउटा खाग, दुईवटा मोटरसाइकल बरामद गरिएको सशस्त्र प्रहरी उपरीक्षक कार्कीले बताउनुभयो। पक्राउ परेकाको नाम गोप्य राखिएको सशस्त्र प्रहरीले जनाएको छ।

*सिरहामा सार्वजनिक ...*

कार्यालयका अनुसार तोकिएको २० दिनको समयसीमाभित्र सिसीटिभी जडान भए/नभएकोबारे यातायात व्यवस्था कार्यालय लहान र जिल्ला ट्राफिक प्रहरी कार्यालयबाट नियमित अनुगमन गरिनेछ। निमित्त प्रमुख जिल्ला अधिकारी चेतराज बरालद्वारा जारी गरिएको उक्त सूचनामा नियमको पालना नगर्ने सवारीसाधनलाई कारबाही गरिने उल्लेख गरिएको छ।

# राजस्व तिरेको २४ घण्टाभित्र लाइसेन्स छापी हस्तान्तरण गरिसक्ने

काभ्रे, ४ वैशाख (रासस)।

सञ्चार तथा सूचना प्रविधिमन्त्री डा विक्रम तिमिल्सिनाले काभ्रेको पनौती नगरपालिका-५ स्थित सुरक्षण मुद्रण केन्द्र पुगेर सवारी चालक अनुमतिपत्र (लाइसेन्स) छपाइको पछिल्लो अवस्थाबारे स्थलगत जानकारी लिनुभएको छ।

केन्द्रको निरीक्षणका क्रममा सञ्चारमन्त्री डा तिमिल्सिनाले अहिले सरकारले सार्वजनिक सेवा प्रवाह सुधारलाई प्राथमिकतामा राखेको अवस्थामा नागरिकले ट्रायल पास गरेको लामो समयसम्म लाइसेन्स नपाउने स्थितिको अन्त्य गर्न लागिएको बताउनुभयो।

साथै ट्रायल पास गरेपछि राजस्व तिरेको २४ घण्टाभित्र लाइसेन्स छापी हस्तान्तरण गरिसक्ने व्यवस्था शुक्रबारदेखि कार्यान्वयनमा आएको उहाँले जानकारी दिनुभयो। सञ्चारमन्त्री डा तिमिल्सिनाले लाइसेन्स छपाइ प्रक्रियालाई तीव्र बनाउँदै सबै बाँकी लाइसेन्स आगामी असार मसान्तभित्र छापिसक्ने लक्ष्य लिइएको बताउनुभयो।

"अब सम्भव कामलाई असम्भव भनेर रोकिराख्ने प्रवृत्ति अन्त्य हुन्छ। ट्रायल पास गरेपछि महिनौंसम्म लाइसेन्स नपाउने समस्या अन्त्य गर्दै राजस्व तिरेको २४ घण्टाभित्र छपाइ प्रक्रिया सक्नेकाम शुक्रबारदेखि लागू भएको छ", उहाँले भन्नुभयो।

निरीक्षणका क्रममा मन्त्री डा तिमिल्सिनाले सुरक्षण मुद्रण केन्द्रलाई राज्यको महत्वपूर्ण सम्पत्ति र सम्भावनायुक्त संस्थाका रूपमा विकास गर्नुपर्नेमा जोड दिनुभयो। मन्त्रालय सम्हालेको पहिलो दिनदेखि नै यस केन्द्रलाई प्रभावकारी बनाउने विषय आफ्नो प्राथमिकतामा रहेको उल्लेख गर्दै उहाँले आवश्यक इच्छाशक्ति र तत्परताको अभावका कारण विगतमा विभिन्न निकायमा समस्या जटिल बनेको बताउनुभयो। अब ती समस्याहरू समाधान गर्दै संस्थागत जिम्मेवारी बढाउनुपर्नेमा उहाँले जोड दिनुभयो।

मन्त्री डा तिमिल्सिनाले केन्द्रमा रहेका उपकरणको प्रभावकारी उपयोग गर्न निर्देशन दिँदै ठूलो लगानीमा खरिद गरिएका उपकरण वर्षौंदेखि प्रयोगविहीन रहेकोप्रति असन्तुष्टि जनाउनुभयो। करिब रु एक अर्ब बराबरका उपकरण, जेनेरेटरलगायत सामग्री प्रयोगमा ल्याउनुपर्नेमा उहाँले जोड दिनुभयो। तीन वर्षदेखि थन्किएर बसेका मेसिनहरू अहिले सञ्चालनमा ल्याइएको र छपाइ कार्य सम्भव भएको अवस्थामा विगतमा किन काम हुन सकेन भन्ने प्रश्न पनि उहाँले उठाउनुभयो।

निरीक्षणका क्रममा मन्त्री डा तिमिल्सिनाले नागरिकको डाटा सुरक्षालाई उच्च प्राथमिकता दिन निर्देशन दिँदै सरकार जनताको हितमा मात्र सञ्चालन हुने स्पष्ट पार्नुभयो। "सरकार कसैको स्वार्थमा होइन, जनताको चाहनामा चल्छ", उहाँले भन्नुभयो। साथै, सेवाग्राहीलाई केन्द्रमा राखेर काम गर्न, गुनासो सुन्न र समाधान गर्न मन्त्रालय प्रतिबद्ध रहेको उहाँको भनाइ थियो।

त्यसैगरी, देशभर मोबाइल नेटवर्क र इन्टरनेट सेवाको पहुँच तथा गुणस्तर सुधार गर्ने विषय पनि मन्त्रालयको प्राथमिकतामा रहेको मन्त्री डा तिमिल्सिनाले बताउनुभयो। नेपाल टेलिकमको सेवा गुणस्तरबारे आउने गुनासो समाधान गर्दै आगामी एक वर्षभित्र देशका सबै नागरिकलाई प्रविधिको पहुँचमा ल्याउने लक्ष्य राखिएको उहाँले उल्लेख गर्नुभयो।

सुरक्षित मुद्रण केन्द्रका कार्यकारी निर्देशक देवराज ढुङ्गानाले यो संस्थालाई दीर्घकालीन रूपमा बलियो बनाउने उद्देश्यले व्यावसायिक योजना तयार गरिरहेको जानकारी दिनुभयो। भविष्यमा यही केन्द्रबाट राहदानी, चेकबुक, स्मार्टकार्ड, हुलाक टिकट, अन्तःशुल्क स्टिकरलगायत महत्वपूर्ण कागजात छाप्ने सकिने उहाँको भनाइ छ। केन्द्रले करिब रु आठ अर्बको बजेटसहित विस्तृत योजना सरकारसमक्ष पेस गरेको ढुङ्गानाको भनाइ छ।

कार्यकारी निर्देशक ढुङ्गानाका अनुसार हाल दैनिक करिब ४० हजार हाराहारी लाइसेन्स छपाइ भइरहेको छ। विदेश जाने नेपाली नागरिकका लागि आवश्यक लाइसेन्सलाई प्राथमिकतामा राखिएको र यातायात व्यवस्था विभागबाट दैनिक करिब एक हजार आवेदन प्राप्त हुने गरेको उहाँले जानकारी दिनुभयो। यही वैशाख १२ गतेभित्र १२ लाख र बाँकी १७ लाख लाइसेन्स असार मसान्तसम्म छापिसक्ने लक्ष्य राखिएको उहाँको भनाइ छ।

सो अवसरमा सांसदहरू मधुकुमार चौलागाईं, डा राम लामा, बदनकुमार भण्डारीलगायतको उपस्थिति रहेको थियो। मन्त्री डा तिमिल्सिनाले केन्द्रको भौतिक पूर्वाधार, मेसिनरी तथा खाली भवनको अवस्थाबारे समेत जानकारी लिनुभएको थियो।

सूचना! सूचना!! सूचना!!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२/१०/१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।



हाम्रो सेवाहरू:

१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*